कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
# परियोजना कार्यान्वयन एकाई
सिन्धुपाल्चोक

फोनः- ०११-६२०१२५ (सिन्धुपाल्चोक), ०११-६६२२५८ (काभ्रे)
इमेलः pmamp.piu.sindhupalchok@gmail.com
बेवसाइटः piusindhupalchowk.pmamp.gov.np

पत्र संख्याः ०८१/८२
चलानी नं. :

## जोन संचालन समन्वय समिति पुर्नगठन सम्बन्धि सार्वजनिक सूचना

मितिः२०८१/०८/२८

यस परियोजना कार्यान्वयन एकाई अन्तर्गत सिन्धुपाल्चोक जिल्लामा संन्चालित मकै र गाई/भैसी जोन संन्चालन समन्वय समिति पुर्नगठन गर्नुपर्ने भएकोले परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को दफा ४.३.१२(क) बमोजिम यस कार्यालयको मिति २०८१/०५/१९ गते प्रकाशित गरेको सूचना बमोजिम यस कार्यालयमा सूचिकृत भएका (विगतका आ.व.मा सूचिकृत भएका समेत) का लागि ईच्छुक कृषक समूह/सहकारी/संस्था/फर्म/कम्पनी/समितिको तर्फबाट जिम्मेवार कृषक व्यवसायीहरु तपशिलको मिति, स्थान र समयमा संचालन हुने **"मकै जोन र गाई/भैसी जोन संचालन समन्वय समिति पुर्नगठन सम्बन्धि आम भेलामा"** सहभागी हुन आव्हान गरिएको सार्वजनिक यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. **मकै जोन सञ्चालन समन्वय समिति**
मितिः- २०८१/०९/०३
स्थानः- चौतारा स्थित परियोजना कार्यालयको सभा हल।
समयः- बिहान ११:00 बजे

२. **गाई/भैसी जोन सञ्चालन समन्वय समिति**
मितिः-२०८१/०९/०४ (गाई/भैसी)
स्थानः- चौतारा स्थित परियोजना कार्यालयको सभा हल।
समयः- बिहान ११:00 बजे

**शर्तहरुः-**

१.मकै र गाई/भैसी जोन संचालन समन्वय समितिमा छनोट हुनका लागि अनिवार्य रुपमा व्यवसायीक कृषि पेशा व्यवसायमा प्रत्यक्ष संलग्न भएको हुनैपर्नेछ।

२. मकै र गाई/भैसी जोन संचालन समन्वय समिति गठन प्रक्रियामा सहभागी हुन चालु आ.व. २०८१/०८२ मा परियोजना कार्यान्वयन एकाईमा सूचिकृत/नविकरण भएका कृषक समूह/सहकारी/संस्था/फर्म/कम्पनी/समितिका आधिकारिक सदस्य वा जिम्मेवार कृषकहरु हुनुपर्नेछ ।

३. मकै र गाई/भैसी जोन संचालन समन्वय समितिमा सदस्य हुने कृषक व्यवसायीहरुको नागरिकता प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

४. बालीवस्तु (मकै र गाई/भसी) जोन संचालन समन्वय समितिमा ३ जना महिला सदस्य सहित ९ जना कृषक व्यवसायी छनौट हुनेछन्।

५. मकै जोनको हकमा चौतारा साँगाचोकगढी नगरपालिका को वडा नं ४ देखि १४ सम्म, बलेफी गाँउपालिका को वडा नं २,३,४ र ५, ईन्द्रावती गाँउपालिका को वडा नं ५ देखि १२ सम्म, सुनकोशी गाँउपालिका को वडा नं ४ र ६, मेलम्ची नगरपालिका को वडा नं १,२,१२ र १३ का वडाहरुबाट सम्भव भए सम्म सबै क्षेत्र समेटिने गरी मकै जोन संचालन समन्वय समिति गठन हुनेछ ।

५.गाई/भैसी जोनको हकमा सुनकोशी गाँउपालिका, बलेफी गाँउपालिका, चौतारा साँगाचोकगढी नगरपालिका, ईन्द्रावती गाँउपालिका, मेलम्ची नगरपालिका, पाँचपोखरी थाङपाल गाँउपालिका र हेलम्बु गाँउपलिका को सबै वडाहरु सम्भव भए सम्म सबै क्षेत्र समेटिने गरी गाई/भैसी जोन संचालन समन्वय समिति गठन हुनेछ ।

६. माथि तोकिएको मिति र समयमा सहभागी नहुने कृषक समन्वय समितिमा सदस्य हुन पाउने छैन ।

जयबहादुर महत्रा
कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रको लागि कृषिको आधुनिकीकरण, विशिष्टिकरण तथा औद्योगिकीकरण"